**आकाशवाणी समाचार- नेपाली**
**मितिः १४ अप्रेल २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- भारतीय संविधानको मुख्य शिल्पकार डॉ. भीम राव अंबेडकरको 136 औ जयंतीको अवसरमा सम्पूर्ण राष्ट्रले आज उहाँलाई श्रद्धांजलि अर्पण गरिरहेको छ।

- राष्ट्रपति द्रौपदी मुर्मुले आज गुजराजको गांधीनगरको लोक भवनमा डॉ. बी.आर. अंबेडकर जयंतीको उपलक्ष्यमा आयोजित सामाजिक समरसता महोत्सवमा भाग लिनुहुनेछ।

- प्रधानमंत्री नरेंद्र मोदीले आज उत्तराखंडको देहरादूनमा दिल्ली- देहरादून आर्थिक कोरिडोरको उद्घाटन गर्नुहुनेछ। उहाँले यस कोरिडोरको एलीवेटेड वन्य जीव कोरिडोरको पनि जायजा लिनुहुनेछ।

- अमरीकाको नौसेनाले ईरानको बंदरगाहहरुको पूर्ण समुद्री नाकाबंदी शुरू गरेको छ।

- आईपीएल क्रिकेटमा हिजो हैदराबादको राजीव गांधी अंतरराष्ट्रीय स्टेडियममा सनराइजर्स हैदराबादले राजस्थान रॉयल्सलाई 57 रनले पराजित गरेको छ।

**अंबेडकर जयंती - वायसकास्ट**

भारतीय संविधानको मुख्य शिल्पकार डॉ. भीम राव अंबेडकरको 136 औ जयंतीको अवसरमा सम्पूर्ण राष्ट्रले आज उहाँलाई श्रद्धांजलि अर्पण गरिरहेको छ। यस अवसरमा देशभरी बिबिध कार्यक्रमहरुको आयोजन गरिंदै छ। आज बिहान नयाँ दिल्लीको संसद भवन परिसरमा डॉ. भीम राव अंबेडकरलाई श्रद्धांजलि अर्पण गर्न कार्यक्रम आयोजित गरिएको छ। थप बिवरण हाम्रो सम्बाददाताबाट ...........

**गुजरात - राष्ट्रपति दौरा**

राष्ट्रपति द्रौपदी मुर्मुले आज गुजराजको गांधीनगरको लोक भवनमा डॉ. बी.आर. अंबेडकर जयंतीको उपलक्ष्यमा आयोजित सामाजिक समरसता महोत्सवमा भाग लिनुहुनेछ। कार्यक्रममा गुजरातका राज्यपाल आचार्य देवव्रत अनि मुख्यमंत्री भूपेंद्र पटेल पनि उपस्थित रहनु हुनेछ । त्यसपछि राष्ट्रपति द्रौपदी मुर्मुले गांधीनगर स्थित राष्ट्रीय रक्षा विश्वविद्यालयको पांच औ दीक्षांत समारोहमा सामेल हुनुहुनेछ। समारोहमा लगभग 593 छात्रहरुलाई डिग्री प्रदान गरिनेछ। राष्ट्रपति गुजरातको दुइ दिने भ्रमणमा रहनु हुनेछ।

**प्रधानमंत्री- यूपी-उत्तराखंड दौरा**

प्रधानमंत्री नरेंद्र मोदीले आज उत्तराखंडको देहरादूनमा दिल्ली- देहरादून आर्थिक कोरिडोरको उद्घाटन गर्नुहुनेछ। उहाँले यस कोरिडोरको एलीवेटेड वन्य जीव कोरिडोरको पनि जायजा लिनुहुनेछ। त्यसपछि श्री मोदीले देहरादून नजिक जय मां दात काली मंदिरको दर्शन अनि पूजा अर्चना गर्नुहुनेछ। 213 किलोमीटर लामो छ लेनको दिल्ली देहरादून आर्थिक कोरिडोर 12 हजार

करोड रुपियाको लागतमा निर्माण गरिएको हो। यो कोरिडोरले दिल्ली र देहरादुनबीचको यात्राको समय हालको ६ घण्टाबाट घटेर २.५ घण्टा हुनेछ। कोरिडोरमा १० इन्टरचेन्ज, तीन रेलवे ओभरब्रिज, चार मुख्य पुल र १२ सुविधा केन्द्र छन् । यो कोरिडोर अत्याधुनिक ट्राफिक व्यवस्थापन प्रणालीले सुसज्जित छ र यसले यात्रीहरूलाई सुरक्षित र प्रभावकारी यात्रा अनुभव प्रदान गर्नेछ। यस क्षेत्रको पर्यावरणीय संवेदनशीलता, समृद्ध जैविक विविधता र वन्यजन्तुलाई ध्यानमा राख्दै मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले कोरिडोरको डिजाइन गरिएको छ । वन्यजन्तुको निर्बाध आवागमन सुनिश्चित गर्न परियोजनाले वन्यजन्तु संरक्षणका लागि धेरै विशेष उपायहरू चालेको छ। यसमा १२ किलोमिटर लामो वाइल्ड लाइफ एलिभेटेड करिडोर पनि समावेश छ । करिडोरमा ८ जनावरको बाटो, २ सय मिटर लामो हात्ती भूमिगत मार्ग र दत्तकाली मन्दिर नजिकै ३७० मिटर लामो सुरुङ निर्माण हुनेछ । आर्थिक कोरिडोरले प्रमुख पर्यटन र आर्थिक केन्द्रहरूबीच सम्पर्क बढाएर यस क्षेत्रमा व्यापारका नयाँ मार्गहरू खोलेर क्षेत्रीय आर्थिक विकासलाई सुदृढ पार्न महत्त्वपूर्ण भूमिका खेल्नेछ।

**सर्वोच्च न्यायालय - लालू प्रसाद**

राष्ट्रीय जनता दलका वरिष्ठ नेता लालू प्रसाद यादवलाई सर्वोच्च न्यायालयले ठुलो झटका दिएको छ। न्यायालयले तथाकथित जमीनको साटो नौकरी मामिलामा उनी बिरुद्ध सीबीआईको एफआईआर अनि आरोप पत्र रद्द गर्न अस्वीकार गरेको छ। तथापि न्यायमूर्ति एम एम सुंदरेश अनि न्यायमूर्ति एन कोटिश्वर सिंहको पीठले 77 वर्षीय लालू प्रसादलाई निम्न अदालतमा उनलाई व्यक्तिगत रूपले उपस्थित हुने छूट दिएको छ।

सुनवाई अवधि सीबीआईले वकालत गर्दै यस मामिलामा पूर्वानुमतिको जरूरत छैन जबकि बचाव पक्षले भनेको छ जांचको स्वीकृति प्राप्त नभएपछि पूरा कार्यवाही अवैध हुदछ। यस अघि दिल्ली उच्च न्यायालयले आरोप पत्र अनि एफआईआर रद्द गर्न श्री लालू यादवको याचिका खरिज गरेको थियो अनि भनेको थियो कि वर्ष 2018 मा लागू भएको धारा 17 ए, 2004 देखि 2009 बीच गरिएको अपराधहरुमा लागू हुँदैन। यो मामिला रेल मंत्रीको रूपमा श्री यादवको कार्यकाल अवधि रेलवेमा कथित रूपले अनियमित नियुक्तिहरुसित संबंधित छ जसको साटो श्री लालूका परिवारका सदस्यहरु अनि सहयोगिहरुलाई जमीन हस्तांतरित गरिएको थियो।

**डीआरडीओ - बिहार प्रदर्शनी**

**रक्षा अनुसंधान अनि विकास संगठन-डी.आर.डी.ओ, ले** 15 देखि 18 अप्रैलसम्म बिहारको मोतीहारी स्थित महात्मा गांधी प्रेक्षागृहमा एक प्रदर्शनीको आयोजन गर्नेछ। जसमा **डी.आर.डी.ओ** को अत्याधुनिक तकनीक अनि उन्नत प्रणालीलाई प्रदर्शन गरिने छ। रक्षा मंत्रालयले बताए अनुसार डीआरडीओ सतहदेखि वायुमा भेदने मिसाइल आकाश, ब्रह्मोस, पृथ्वी, कावेरी इंजनको रैपिड प्रोटोटाइप मॉडल, बैलिस्टिक हेलमेट अनि अन्य रक्षा उत्पादहरुको विस्तृत मॉडल अनि उत्पादहरुको प्रदर्शन गर्नेछ।

**अमरीकी नौसेना ईरानी बंदरगाह नाकाबंदी**

अमरीकाको नौसेनाले ईरानको बंदरगाहहरुको पूर्ण समुद्री नाकाबंदी शुरू गरेको छ। सप्ताहांतमा पाकिस्तानमा भएको शांति वार्ता विफल भएपछि पश्चिम एशियामा तनाव अझ बढेको छ।

यो नाकाबंदी दुबई समयानुसार बेलुकी 6 बजेदेखि प्रभावी भएको हो। अमरीकी केंद्रीय कमानले भनेको छ यो प्रतिबंध फारसको खाड़ी अनि ओमानको खाड़ीमा ईरानी तटीय क्षेत्रहरुमा आउने जाने जहाजहरुमा लागू हुनेछ। अधिकारीहरुले यो पनि बताएको छ , गैर-ईरानी गंतव्यहरु तर्फ जाने जहाज अझै पनि होर्मुज जलडमरूमध्यबाट जान सक्ने छ, तथापी उनीहरुले सैन्य उपस्थिति अनि संचार जांचको सामना गर्न पर्ने छ। यसको साथै, अमरीकी सेनाले चेतावनी पनि दिएको छ, बिना अनुमति ईरानी बंदरगाहहरुमा प्रवेश गर्ने या त्यहाबाट निस्कने कुनैपनि जहाजलाई रोकिने छ, उनीहरुको मार्ग परिवर्तन गरिनेछ अथवा उनीहरुलाई कब्जा गरिने छ। तथापी, ईरानी बंदरगाहहरुमा हाल तटस्थ जहाजहरुलाई निस्कने सीमित समयको छूट दिइएको छ। यसै बीच,

ईरानले भनेको छ, आफ्नो जलक्षेत्रमा कुनै प्रकारको दखल सहन गर्ने छैन। ईरानले धमकी दिएको छ यदि नाकाबंदी जारी रहे, उनीहरुले क्षेत्रको अन्य प्रमुख बंदरगाह अनि समुद्री मार्गहरुलाई बाधित गर्ने छ।
खबरहरु अनुसार, तेहरानले आफ्नो दक्षिणी तटमा नौसैनिक बलको तैनातीलाई बढाएको छ , जसले आउने समयमा समुद्री टकरावको आशंकालाई बढाएको छ।

**ईरान-राजदूत**

भारतमा ईरानका राजदूत डॉ. मोहम्मद फथालीले ईरान संकट कालमा विश्वसनीय अनि भरोसालायक सहयोगी भएकोमा भारत सरकार अनि जनता प्रति आभार व्यक्त गर्नुभएको छ। हिजो नयाँ दिल्लीमा पत्रकारहरुसित बात गर्दै डॉ. फथलीले यस कठिन समयमा सबै आवश्यक वस्तुहरु उपलब्ध गराएकोमा भारत सरकारलाई आभार प्रकट गर्नुभयो।

**ग्रीष्म ऋतु फसलें - अप्रैल आंकड**

कृषि अनि किसान कल्याण मंत्रालयले भनेको छ, ग्रीष्म फसलहरुको क्षेत्रफलमा 64 लाख हेक्टेयर भन्दा अधिकको वृद्धि दर्ता गरिएको छ । मंत्रालयले भनेको छ, पछिलो वर्ष यसै अवधिको तुलनामा ग्रीष्म फसलहरुको क्षेत्रफलमा 77 हजार हेक्टेयरको उल्लेखनीय वृद्धि भएको छ। मंत्रालयले बताएको छ 30 लाख हेक्टेयर भन्दा अधिक क्षेत्रमा धानको रोपाई गरियो, जबकि 11 लाख हेक्टेयर भन्दा अधिक क्षेत्रमा दलहनको खेती भएको छ।

**स्टार्टअप- इंडिया फंड**

सरकारले देशको स्टार्टअप इकोसिस्टममा पूंजी प्रवाहलाई बढ़ावा दिनका लागि दस हजार करोड़ रुपियाँको कोषको साथ दोस्रो चरणको स्टार्टअप इंडिया फंड ऑफ फंड्स अधिसूचित गरेको छ। वाणिज्य तथा उद्योग मंत्रालयले भनेको यस योजना अंतर्गत निवेश वैकल्पिक निवेश कोषमा केंद्रित हुनेछ। यो डीप टेकले स्टार्टअप अनि प्रारंभिक विकास चरण सहित प्राथमिकता भएको क्षेत्रहरुको समर्थन गर्नेछ।

**उपभोक्ता मूल्य सूचकांक- मार्च**

देशमा खुदरा मुद्रास्फीति पछिलो महीना बढेर तीन दशमलव चार प्रतिशत भएको छ, जो यस वर्ष फरवरीको मुद्रास्फीति भन्दा तीन दशमलव दुइ एक प्रतिशतभन्दा अधिक हो।

**आईपीएल**

आईपीएल क्रिकेटमा हिजो हैदराबादको राजीव गांधी अंतरराष्ट्रीय स्टेडियममा सनराइजर्स हैदराबादले राजस्थान रॉयल्सलाई 57 रनले पराजित गरेको छ।
सनराइजर्स हैदराबादले पहिले ब्याटिंग गर्दै निर्धारित बीस ओवरमा छ विकेट गुमाएर 216 रन बनाएको थियो। कप्तान ईशान किशनले विस्फोटक 91 रनको पारी खेले।

जवाबमा राजस्थान रॉयल्सको शुरुआत खुबै खराब रहयो अनि टीमले शुरुआती ओवरमा नै 9 रनमा पांच विकेट गुमाए। त्यसपछि डोनोवन फरेराले 69 अनि रविंद्र जडेजाले 45 रन बनाएर पारी संभालने कोशिश गरे, तर टीम 19 ओवरमा 159 रनमा अलआउट हुन पुगे।